सगुन सौगात मिडिया प्रा.ली.को प्रस्तुति सबैका लागि सञ्चार

# सिन्धुली सौगात

राष्ट्रिय दैनिक

sindhulisaugat.com

तेजाब वा अन्य घातक रसायनिक पदार्थको गैर कानूनीउत्पादन, निकासी, पैठारी वा बिक्री बितरण गर्नु दण्डनीय अपराध हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ११ अंक १९६ फाल्गुन ०८ आइतबार , २०७८ (Sunday 20 February, 2022) पृष्ठ ४ मूल्य रु.५/

## बृहत्त मरिण सहरिकण बनाउने तयारी: गाउँपालिका अध्यक्ष बम्जन

■ सिन्धुली सौगात

सिन्धुली - संविधान सभाबाट नयाँ संविधान जारी भएसँगै २०७३ साल फागुन २७ गतेबाट मुलुक संघीयतामा गएपछि साविकको महादेविस्थान, कपिलाकोट र कल्पवृक्ष गाँउ विकास समिति मिलाएर मरिण गाउँपालिका गठन भएको हो । २०७४ जेष्ठ महिनामा सम्पन्न स्थानिय तहको निर्वाचनबाट निर्वाचित भएपछि मरिण गाउँपालिकामा धेरै परिवर्तन गर्न सफल भएको गाउँपालिका अध्यक्ष पानीराज बम्जनले बताउनुभएको छ । उहाँले भन्नुभयो, 'एक वर्ष सम्म संघिय सरकारले स्थानिय सरकार संचालन ऐन बनाउन ढिला गऱ्यो । एक वर्ष सम्म हामी अल्मलियौँ । त्यसमा पनि स्थानिय सरकारलाई कानुन बनाउन दिने अधिकार दियो । देशभरका ७ सय ५३ वटा स्थानिय तहका छुट्टै छुट्टै कानुन भयो । आफैँलाइ कानुन बनाउने अधिकार दिदाँ त्यो कानुन चाहिँ गलत पनि हुने गरेको पाइयो । कानुनी कुराले चाहि समस्या नै भयो ।'

निर्वाचजनको मैदानमा जाने क्रममा साथै घोषणपत्रमा समावेश गरेका विषयलाइ नै सम्बोधन गरेर अगाडि बढेका अध्यक्ष बम्जनले ठोकुवा गर्नुभयो । समस्या धेरै र श्रोत कम भएकाले भने अनुसारका काम पुरा गर्न नसकेको उहाँले स्वीकार्नुभयो । शुन्य प्रायः अवस्थाबाट शुरु गरेको काम शुरु गरेको भएर काम भ्रट्ट नदेखिएको बताउदैँ उहाँले भन्नुभयो, 'तर हामीले राम्रा कामको थालनी गरेका छौं । त्यसको परिणम देखिन थालेको छ ।'

स्वास्थ्य र शिक्षा क्षेत्रको विकासकाबारेमा कुरा गर्दै अध्यक्ष बम्जनले गाउँपालिकाले स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो । पालिकाका प्रत्येक वडामा स्वास्थ्यचौकि निर्माण भएका छन् । गाउँपालिका अध्यक्ष बम्जनले भन्नुभयो, 'दक्ष जनशक्ति सहित प्रत्येक स्वास्थ्यचौकिमा केहि औषधी निशुल्क पठाएका छौँ । हिजोको दिनमा घण्टौ हिडेर स्वास्थ्य सेवा लिने नागरिकले अहिले आफ्नै ठाउँमा सहज रुपमा सेवा लिइरहेका छन् ।' गाउँपालिकाले एकल महिला, जेष्ठ नागरिक, अपांग र अनाथ बालबालिकालाई निशुल्क अतिरित्त औषधि र स्वास्थ्य विमाको व्यवस्था गरेका छ । त्यस्तै, गाउँपालिकाभित्र ४८ वटा सामुदायिक विद्यालयमा बालविकास केन्द्र स्थापना भएका छन् । बालविकास सहजकर्ताको मनोबल बढाउन गाउँपालिकाले नै महिनाको १३ हजार दिरहेका छ । अध्यक्ष बम्जनका अनुसार शैक्षिक क्षेत्रलाई गुणस्तर बनाउनका लागि स्थानिय पाठेक्रम र शिक्षा योजना निर्माण गरिएको भने हरेक विद्यालयमा विद्यार्थी आधार अनुसार साथै विषयगत शिक्षकको व्यवस्था छ । उहाँले भन्नुभयो, 'शैक्षिक सुधार कार्यक्रमम कार्यक्रम संचालन गरेका छौँ । जस अन्र्तगत शिक्षकको मनोवल बढाउन मासिक भत्ता उपलब्ध गराइरहेका छौँ । विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय सम्म पुऱ्याएका छौ । शिक्षाको क्षेत्रमा सुधार भएको छ । विद्यालयमा आवश्यक खानेपानी, खेलमैदान, विद्यालय भवन, खेलकुदका सामाग्री, दक्ष शिक्षक, विषयगत शिक्षक साथै शिक्षिकाको व्यवस्थाले शिक्षा क्षेत्रलाई भ्रन् मजबुद बनाएको छ ।'

गाउँपालिका भित्र सुविधा सम्पन्न विद्यालय भवन निर्माण भएका छन् । यता, पर्याप्त मात्रामा बेरोजगारीको समस्यामा परिवर्तन गर्न नसकेको अध्यक्ष बम्जनले स्विकार्नु भयो । 'युवा तथा युवती रोजगारीका लागि विदेशिएका छन् । हामीसँग रोजगारी दिनका लागि उद्योग, कम्पनी छैन । तर पनि हामीले युवालाई कृषिमा प्रेरित गर्नका लागि कृषिका अनुदान दिने तथा केहि लगानी गरिरहेका छौँ । हामी निर्वाचित भइसके पछि स्थानिय सरकार संचालन ऐनले दिएको अधिकार प्राकृतिक श्रोतसाधनको भर्पुर प्रयोग गर्ने, त्यसको कर संकलन गर्न विषयमालाई मध्यनजर राखेर हाम्रो गाउँकार्यपालिकाको बैठक बाटै निणर्य गरेर गाउँपालिका क्षेत्रका ढुगां, गिटि लगाएत बालुवाको हामीले आइ.ई.ई गराएका छौँ । जिल्ला समवन्य समितिबाट पास भइसकेपछि त्यसको अनुमानित एक वर्षको ठेक्का निकाल्ने र प्रदेश सरकारले नै पास गरेको क्युफिट अनुसार माग संकलन गरेका छौँ ।' स्थानिय सरकार आएसँगै तुलनात्मक रुपमा मरिणमा विकास निर्माणले प्राथमिकता पाएको छ । घण्टौ पैदल हिडेर सदमुकाम आउने नागरिकलाई अहिले घरघरमै बाटो पुग्दा खुशी




मिलेको छ । कृषि सडक नागरिकको बस्ति बस्तिमा पुगेको छ । बाटो पुगेसँगै स्थानिय उत्पादनले बजार पाएको छ । गाउँपालिका अध्यक्ष बम्जनका अनुसार अध्यारोमा बसिरहेका नागरिकको घरघरमा विजुली बत्ति पुगेको छ । उहाँले भन्नुभयो, 'विजुली नपुगेको केहि ठाउँमा धमाधम काम भइरहेका छन् । पालिकाले मात्रै विद्युतीकरणका लागि भ्रण्डै ४ करोड लागतमा खर्च गरिसकेको छ । यहि चैत्र सम्म पालिकाका सम्पूर्ण क्षेत्रमा विजुली बत्ति पुगिसक्ने छ । करोडौं लागतमा खानेपानीका योजना धमाधम निर्माण भइरहेको छ । ति आयोजना निर्माण भएपछि खानेपानीको समस्याको समाधान हुने छ ।' त्यसैगरि, गाउँपालिकाले सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण गरिसकेको छ भने वडाको आफ्नै भवन निर्माण भएको छ । भाडाबाट सेवा संचलान भइरहेका केहि वडाको पनि भवन निर्माण गर्ने तयारी गरिरहेको अध्यक्ष बम्जनले जानकारी दिनुभयो । ऐतिहासिक र धार्मिक पर्यटकका लागि साँगाचुलि गुम्बा, पंचकन्यालाई व्यवस्थित बनाउन शुरु गरेको बम्जनले बताउनुभयो । उहाँले भन्नुभयो, वृहत्त मरिण सहरीकरणको लागि डिपिआरको तयारी भएको छ । जनताले संघियताको अनुभुत गर्ने गरि काम गर्न सफल भएका छौँ ।'

## शैक्षिक सुधार कार्यक्रममा सिन्धुलीका ४५ वटा विद्यालय छनोट

■ सिन्धुली सौगात

सिन्धुली- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा सिन्धुलीका ४५ वटा विद्यालय छनोट भएका छन् । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा आर्थिब बर्ष २०७८/०७९ का लागि देशभरका चार हजार १ सय ५७ विद्यालय छनौट भएकोमा सिन्धुलीबाट ४५ वटा विद्यालय छनोट भएका हुन् ।

५ सय ६३ वटा सामुदायिक बिद्यालय रहेको सिन्धुली जिल्लामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा जिल्लाको ९ स्थानीय तह मध्ये कमलामाई नगरपालिका बाट सबै भन्दा धेरै १० वटा बिद्यालय र सबै भन्दा कम घ्याङलेख गाउँपालिका बाट २ वटा बिद्यालय छनोटमा परेको शिक्षा तथा समन्वय इकाई सिन्धुलीका प्रमुख शान्तिराम पौडेलले जानकारी दिनुभयो । जिल्लाको कमलामाई नगपालिका बाट शिद्धबाबा मा.वि. पानीट्यांकी, श्री प्रगतिशील मा.वि. धामीडुमरीया, कमला आधारभुत बिद्यालय तिनतले, मा.वि. पिपलभन्ज्याङ, शंकरेश्वर मा.वि. जखनी, नवजोती वहिरा मा.वि. जसेदमार, कुण्डेश्वरी मा.वि.वेसारेवेशी, जनजयोती मा.वि. फोस्रेटार, कमला मा.वि ढुंग्रेबास र श्री जनजागृती मा.वि. भिमान गरि १० वटा बिद्यालय राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनोटमा परेका छन् ।

जिल्लाको दुधौली नगरपालिका बाट राष्ट्रिय मा.वि कालापानी, सरस्वती मा.वि. डकाहा, कमला आधारभुत बिद्यालय भताहि, नि.मा.वि. भ्रुँगा, जनप्रेमी मा.वि अरुनडाँडा, कमला मा.वि. धनसरी, मा.वि. मनवा चौतारा र भानु मा.वि. रतनपुर गरि ८ वटा बिद्यालय छनोटमा परेका छन् । तिनपाटन गाउँपालिका बाट मा.वि. हलिडाँडा, जनसेवा मा.वि रिठ्ठे, पाटनदेवि मा.वि. कोटगाउँ, कमला मा.वि छरछरे, जनप्रेमी मा.वि स्याङ्ती र मा.वि. आम्बोटे गरि ६ वटा बिद्यालय छनोटमा परेका छन् । त्यस्तै फिक्कल गाउँपालिका बाट मा.वि. लुम्ती, कालीकादेवि नि.मा.वि. जाङजाङ, मा.वि. सुम्नाम सुन्तले चण्डिभन्ज्याङ, सुनकोशी मा.वि. सोखुबेसी, फिक्कल मा.वि. सोल्पा र चण्डीका मा.वि चनौटे गरि ६ बटा बिद्यालय राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनोटमा परेका छन् ।

जिल्लाको गोलन्जोर गाउँपालिकाको मा.वि. नयाँखर्क, बाल मा.बि. शुलीभन्ज्याङ, शारदा मा.वि र कौशीका मा.वि ग्वाल्टार गरि ४ वटा बिद्यालय छनोटमा परेका छन् । यस्तै मरिण गाउँपालिकाको मा.वि. मरिण खयरसाल, कपिलाकोट मा.वि. छाप महेश्वता र बाल साक्षर आधारभुत बिद्यालय मुङ्गेदोभान गरि ३ वटा हरिहरपुरगढी गाउँपालिकाको जनविकास प्रा.वि. बागमती बन्चरे, प्रा.वि. पेलुङ्गे सेपाहा र क्यानेश्वर मा.वि. क्यानेश्वर गरि ३ वटा बिद्यालय छनोटमा परेका छन् ।

जिल्लाको सुनकोशी गाउँपालिका बाट यामकाली मा.वि. अमारे, मा.वि. कोटगाउँ र पञ्चकन्या मा.वि. हायुगाउँ गरि ३ वटा र घ्याङलेख गाउँपालिका बाट जनजागृति मा.वि गोपे र मा.वि. मरिण हायुटार गरि २ वटा बिद्यालयहरु राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनोटमा परेका छन् । छनोट भएका ४५ वटै बिद्यालय राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुसार आइसीटि ल्याब निर्माणको लागि छनोटमा परेका शिक्षा तथा समन्व इकाई सिन्धुलीले जनाएको छ ।

## तरकारीको बेर्ना वितरण गरिने

■ सिन्धुली सौगात

सिन्धुली- सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाले कृषकहरुलाई विभिन्न तरकारीहरुको बेर्ना वितरण गरिने भएको छ । गाउँपालिकाको कृषि विकास शाखाको आर्थिक वर्ष २०७८/७९ को बजेट अन्तर्गत तरकारीको बेर्ना वितरण गर्न लागिएको गाउँपालिकाले एक सुचनामा जानकारी गराएको हो ।

गाउँपालिकाको सुचना अनुसार कृषकहरुलाई घिरौला, फर्सी, लौका, काक्रा र करेला लगायतको बेर्ना निशुल्क वितरण गरिने छ । उक्त बेर्ना लिनको लागि ईच्छुक कृषकहरुले सुचना प्रकाशन भएको ७ दिन भित्र उपस्थित हुन अनुरोध गरिएको छ । उपस्थित हुन नसक्नेले फोनबाटै पनि आफ्नो नाम टिपाउन सकिने गाउँपालिकाले जनाएको छ । साथै विरुवा लिन पहिला आउने कृषकलाई विशेष प्राथमिकता दिईने सुचनामा उल्लेख गरिएको छ ।

## वुद्धिजीवी संगठनको प्रथम सम्मेलन सम्पन्न

■ सिन्धुली सौगात

सिन्धुली- सिन्धुलीको मरिण गाउँपालिकामा नेपाल वुद्धिजीवी संगठन मरिण गाउँपालिका कमिटीको प्रथम सम्मेलन सम्पन्न भएको छ ।

नेकपा ( माओवादी केन्द्र ) का जिल्ला संयोजक रामकुमार पौडेलको प्रमुख आतिथ्यातामा सम्पन्न भएको हो । सम्मेलनले गणेश सापकोटाको अध्यक्षतामा २५ सदस्यीय कमिटीको गठन गरिएको छ । संगठनको प्रथम सम्मेलनमा मरिण गाउँपालिकाको अध्यक्ष पानीराज बोम्जन, प्रवक्ता विर्मश मोक्तान र पालीका कमिटी अध्यक्ष गोपाल बुढाथोकी को विशेष आतिथ्यता रहेको थियो ।

पाठकवर्गमा जानकारी

सिन्धुली सौगात दैनिक पत्रिका
अनलाईनबाट हेर्नकालागि
epaper.sindhulisaugat.com खोल्नुहोस् ।




## सिन्धुली कारागारका १३ जना कैदिबन्दीको कैद मिनाहा

■ सिन्धुली सौगात

सिन्धुली - ७२ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा सिन्धुली कारागारका १३ जना कैदिबन्दीले आममाफि पाएका छन् । राष्ट्रिय प्रजातन्त्रको दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले कैदीवन्दीलाई दिएको माफी मिनाहामा सिन्धुलीका १३ जना कैदीवन्दी परेका हुन् ।

विभिन्न मुद्धा लागेर जेल जीवन विताइरहेका साथै अदालतले तोकेको कैदको ५० प्रतिशत कैद भुक्तान गरिसकेका र ५० प्रतिशत कैद भुक्तान हुन बाँकी रहेकालाई बाँकी कैदको आम माफी दिइएको हो । जिल्ला कारागार कार्यालय सिन्धुलीमा रहेर ५० प्रतिशत कैद भुक्तानी गरिसकेका १३ जनालाई मात्रै माफी मिनाहा गरिएको जिल्ला कारागार कार्यालय सिन्धुलीले जनाएको छ ।

जिल्ला कारागार कार्यालय सिन्धलीका अनुसार माफी मिनाहा पाउने कैदी वन्दीहरुमा नकबजनी चोरी १ जना, सवारी ज्यान मुद्धाका ६ जना, कर्तव्य ज्यान मुद्धाका १ जना,र वहुविवाहका ५ जना गरि १३ जना कैदी बन्दीलाई आममाफी दिएको जिल्ला कारागार कार्यालय सिन्धुलीले जनाएको छ ।

## सम्पादकीय

# कार्यक्रमको अनुगमन गर

स्थानिय सरकार आएसँगै नागरिकको सेवा सुविधकालागि पहिलेको भन्दा तुलनात्मक रुपमा विभिन्न कार्यक्रमहरु संचालनमा आएका छन् । युवा स्वरोजगार कार्यक्रम, कृषि क्षेत्रको सुधार र समग्र स्थानिय तहको विकासकालागि स्थानिय सरकारले ठूलो लगानी गरेका छन् । लगानी गरेअनुसार कार्यक्रमको प्रभावकारीता उपलब्धिमुलक नभएको स्पष्ट देख्न सकिन्छ । आफ्ना मान्छेलाई स्थानिय तहमा भर्ति गर्ने देखि अनुदान दिने प्रवृद्धिले लक्षित समूह मारमा परेको अवस्था छ । स्थानिय सरकार आएपछि गाउँगाउँमा सिंहदरबार त पुगेको छ तर, धेरै जसो जनप्रतिनिधिकै आसेपासे पोषित भएका छन् । तसर्थ, देशका तिनै तहले संचालन गर्ने कार्यक्रमको अनुगमन गरि त्यसको प्रभावकारीताको बारेमा अनुगमन गर्न जरुरी छ । त्यस्ते, कार्यक्रमलाई संचालन गर्ने कार्यविधि बनाएर सरकारको लगानीलाई सुरक्षित बनाउनतर्फ जिम्मेवार निकाय सजग हुन आवश्यक छ ।

सिन्धुलीको कमलामाई नगरपालिकामा युवा स्वरोजगार कार्यक्रमको नाममा करोडौं लगानी गरि व्यवसाय संचालन गर्दै आएका व्यवसायीलाई अनुदान दिएको भन्दै आरोप लागेको छ । यतिमात्र नभएर अन्य स्थानिय तहमा समेत प्रधानमन्त्री रोजगार कार्यक्रम देखि स्थानिय सरकारको अनुदानमा व्यापक अनियमितता भएको आरोप लाग्दै आएको छ । तसर्थ, यी सबै आलोचनाको विषयलाई आत्शात गर्दै आगामी दिनमा कार्यक्रम संचालन गर्ने दिर्घकालिन कार्यविधि बनाएर स्थानिय सरकार अघि बढ्न आवश्यक छ ।

## आर्थिक समाचार

# आर्थिक गतिविधि प्रभावित हुने अवस्था आएको महासंघको ठहर

**रासस**

काठमाडौँ, - नेपाल उद्योग वाणिज्य महासंघले कोभिड-१९ महामारीका तीनवटा लहरसँग जुध्दै अर्थतन्त्र सुधारोन्मुख रहेका बेला नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको चालु आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले आर्थिक गतिविधि प्रभावित हुने देखिएको उल्लेख गरेको छ ।

उत्पादनमूलक उद्योगलाई कम ब्याजदरमा कर्जा उपलब्ध गराउन अध्ययन गर्ने विषयले औद्योगीकरणमा सहयोग पुग्ने देखिए पनि निजी क्षेत्रका अधिकांश सुझाव सम्बोधन नहुँदा व्यापार, व्यवसाय एवं लगानी प्रभावित हुने देखिएको महासंघले जनाएको छ ।

महासंघले शनिवार आफ्नो धारणा सार्वजनिक गर्दै निक्षेपको ब्याजदर बढाउँदा बैंक, वित्तीय संस्थामा रकम बढ्न नसकेको पछिल्लो ६ महिनाको अवस्था ज्ञात हुँदाहुँदै कर्जाको ब्याजदर बढाउनेतर्फ मौद्रिक नीतिको समीक्षा केन्द्रित हुँदा पूँजीको लागत थप बढ्न गई व्यवसायी र वित्तीय संस्थामा समेत समस्या देखिने सम्भावना बढेको महासंघको भनाइ छ ।

बढ्दो आयात निरुत्साहित गर्न नीति केन्द्रित हुँदा यसले उत्पादन, मूल्यवृद्धि, राजस्व र रोजगारीमा नकारात्मक असर पर्नेतर्फ महासंघ केन्द्रीय बैंकको ध्यानाकर्षण गराएको छ । कोभिड-१९ महामारीका कारण सङ्कटमा परेको व्यवसाय पुनरुत्थानका लागि पुर्नकर्जा, पुनर्तालिकीकरण र पुनःसंरचनामार्फत राहत दिएको केन्द्रीय बैंकले तेस्रो लहरको प्रभाव कायमै रहेका बेला पुर्नकर्जाको ब्याजदरसमेत बढाइदिँदा विशेषगरी साना तथा मझौला उद्यमी प्रभावित हुने महासंघको ठहर छ ।मौद्रिक नीतिको समीक्षामा ट्रष्ट रिसिटलगायत आयात कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, जग्गा प्लटिङसम्बन्धी रियल स्टेट कर्जा, व्यक्तिगत हायर पर्चेज कर्जा तथा मार्जिन प्रकृतिको कर्जाको जोखिम भारमा पुनरावलोकन गरिने भन्ने उल्लेख गरिएको महासंघको भनाइ छ ।

भारतबाट क्रेडिट सुविधामा वस्तु आयात गर्न सकिने विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने भन्ने बुँदाले पनि भारतबाट हुने आयातमा कडाइ गरिने सङ्केत गरेको स्पष्ट पारेको छ । निर्यात प्रवर्द्धन र मुलुकभित्र रकम भित्र्याउन अन्य उपाय अवलम्बन नगरी आयात घटाउने उपाय अवलम्बन गरिँदा यसले अनधिकृत व्यापार बढ्नुका साथै मूल्य अकासिने महासंघले ठहर गरेको छ ।

महासंघले भनेको छ, "करिब ४९ लाख सर्वसाधारण जोडिएको शेयर बजार कर्जामा गरिने कडाइले मुलतः साना लगानी प्रभावित हुनेतर्फ महासंघ राष्ट्र बैंकको ध्यानाकर्षण गराउन चाहन्छ ।" निक्षेप नबढ्नुका साथै कर्जा निक्षेप अनुपात तोकिएभन्दा माथि रहेको अवस्थामा बैंक दरमा गरिएको दुई प्रतिशत विन्दुको वृद्धिले कर्जासमेत महङ्गिने उल्लेख गरेको छ । महासंघको सुझावबमोजिम उत्पादनमूलक उद्योगलाई अन्य व्यवसायभन्दा कम ब्याजदरमा कर्जा उपलब्ध गराउने गरी अध्ययन गर्ने भनी समीक्षामा उल्लेख हुनु स्वागतयोग्य रहेको महासंघको भनाइ छ । कोभिड महामारीबाट निजी क्षेत्रको पुनरुत्थानमा निकै सहयोगी नीति अवलम्बन गरेको केन्द्रीय बैंकले अल्पकालीन उपाय नहेरी तरलता अभावका कारण समस्याग्रस्त निजी क्षेत्रको हितका लागि समीक्षामा लिइएका नीतिको पुनरावलोकन गरी व्यापार व्यवसाय सञ्चालन एवं विस्तारको वातावरण बनाउन महासंघले आग्रह गरेको छ ।


सिन्धुलीमा पहिलो पटक कटियाको स्वाद

मट्कामा बनाएको खसिको मासु

Free Home Delivery

मट्कामा बनाएको चिया

बर्गर, पिज्जा, बिर्यानि, सिजलरको लागि हामीलाई सम्झनुहोस्

चिकेन, बफ, भेज म:म, फ्रेन्च फ्राई, सुकुटी, खाजा सेट

9818721115

चुलो BBQ हाउस

कनपा-६, २ नं बजार, सिन्धुली


# अनिश्चित एमसिसीको चेपमा नेपाली राजनीति र न्यायपालिका

संवैधानिक पदमा आसिन व्यक्तिलाई पदमुक्त गर्ने एउटा स्वीकार्य र प्रमाणजन्य आधारको व्यवस्था प्रायः सबै प्रजातान्त्रिक पद्धति र मुलुकहरुमा गरिएको हुन्छ ।

पदीय मर्यादाअनुरुप आचरण नगरेमा त्यस्ता व्यक्तिलाई उच्चतम जनप्रतिनिधि संस्थाले अन्ततः महाअभियोग प्रस्तावद्वारा हटाउन सक्ने व्यवस्थाको मर्म के हो भने त्यस्तो जिम्मेवारी पाएका व्यक्तिहरु (सांसद) पनि उच्च नैतिक चरित्रसँगै मर्यादित र जवाफदेही तरिकाले काम गर्ने छन्, प्रतिशोध र राजनीतिक पूर्वाग्रहबाट हैन ।

तर, दुर्भाग्य नेपालको राजनीति र सार्वजनिक जीवनबाट उच्च नैतिक चरित्र र मर्यादा विलोप हुँदै गएको सबैले अनुमानमात्र हैन अनुभूति पनि गरेका छन् ।

यसलाई बुझ्न केही परिदृश्यको विश्लेषण गरौँ। अमेरिकासँगको ५० करोड डलरको मिलेनियम च्यालेञ्ज नेपाल कम्प्याक्टलाई पूर्व घोषित निर्णयअनुसार बुधबार संसदीय अनुमोदनका लागि प्रस्ताव पेश गर्ने तयारीमा रहेको सरकारको दाँतमा ढुंगा लाग्यो ।

सत्ता गठबन्धनका माओवादी केन्द्र र एकीकृत समाजवादीले यो विषयमा सरकारको विरोधमा सडक र संसदमा उत्रने घोषणा गरे। प्रस्ताव पारित गर्नका लागि संसदमा प्रस्ताव पेश भएमा गठबन्धनबाट आफू बाहिरिने हदसम्मको धम्की उनीहरुले दिए ।

विप्लव नेतृत्वको माओवादीसहित आठ कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र सुरक्षाकर्मी परिषद् नेपालसँगै एमसिसी नेपाल कम्प्याक्ट राष्ट्रहितविरुद्ध छ भन्ने मान्यता राख्ने ठूला समूह र व्यक्तिहरु सडकमा उत्रिए ।

एमसिसीको पक्षमा सरकारले सडकमा अश्रुग्यास र पानीतोप चलायो, जसले एउटा स्पष्ट सन्देश के दियो भने बाह्य बफादारी प्रदर्शन गर्न यो सरकार आफ्नै जनतामाथि बर्बर व्यवहार प्रस्तुत गर्न पछि हट्दैन । संसद र सिंहदरबारको २०० मिटर मै सुरक्षाकर्मीको 'बूट' नेपालीमाथि बज्रिनु अशोभनीय र अस्वीकार्य हो।

त्यतिमात्र हैन मुलुकको विभिन्न मागमा विरोध प्रदर्शन र सुरक्षा निकायहरुबीच घम्साघम्सी देखियो । एमसिसी विवादका प्रभाव राज्य र राजनीतिका अन्य क्षेत्रमा पनि देखिन थालेका छन् । योसँगै जोडिएको तर न्यायपालिकामाथि उच्च नैतिक चरित्र स्थापित गर्ने बाहानामा मञ्चित अर्को नाटकतर्फ फर्कौं।

प्रचण्डले माओवादी केन्द्रको समर्थन एमसिसीलाई दिने आश्वासनको एवजमा नेपाली कांग्रेस प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई महाअभियोग प्रस्तावमार्फत हटाउन नसके पनि निलम्वित गर्न र वरिष्ठतम न्यायाधीश दीपक कार्कीलाई कायममुकायम हैसियत प्रदान गर्न तयार भयो ।

कायममुकायम प्रधानन्यायाधीश बन्नेबित्तिकै कार्कीले एउटा सञ्चारमाध्यममार्फत राणा सर्वोच्चमा फर्किएको खण्डमा उनीसँग 'बेञ्च शेयर' नगर्ने अभिव्यक्ति दिएका छन् । त्यतिमात्र हैन, उनले राजनीतिक रुपमा ध्रुवीकृत र आन्दोलनरत सर्वोच्च बारसँग परामर्श गरी अरु निर्णय लिने सन्देश पनि दिएका छन् ।

'निष्पक्षता' र 'उच्च नैतिक चरित्र'को प्रदर्शन गर्ने नाममा संसदले भोलि आफूले चाहेजस्तो निर्णय नगरे स्वीकार्य हुँदैन भन्ने कायममुकायम प्रधानन्यायाधीशको अभिव्यक्तिको आशयले हाम्रो न्यायपालिकाको गरिमा रुप, गहना र आवरण कति फितलो रहेछ, त्यो पनि देखाएको छ ।

नेपाली कांग्रेसभित्र अहिले प्रचण्डविरुद्ध आक्रोश छ । राणामाथिको महाअभियोग प्रस्ताव र कार्कीलाई कायममुकायम बनाउने खेलमा आफू ठगिएको 'रोदन' सुनिन थालेको छ ।

तर, जब 'उच्च नैतिक चरित्र' ब्ल्याकमेलको अस्त्र बन्छ, र जब त्यसमार्फत प्रक्रियालाई बेवास्ता गरी लेनदेनका आधारमा व्यवस्थापिका र कार्यपालिका, न्यायपालिकालाई पूर्ण नियन्त्रण गर्न उद्यत रहन्छन्, नतिजा यही हुन्छ ।

बार र बेञ्च नेपाली जनताको न्यायको अधिकारप्रति आपराधिक रुपमा उदासीन छ । संस्थागत रुपमा, त्यो उच्च नैतिक चरित्रको उदाहरण हो या हैन, हड्तालकर्ता समूहले पनि समीक्षा गर्नु पर्ने बेला आएको छ ।

नेपालको दूषित न्यायपालिका राजनीतिक लेनदेनका आधारमा एक या दुई या सबै २१ जना न्यायाधीशलाई महाअभियोग लगाएर सुध्रने अवस्थामा छैन । दीर्घकालीन, तात्कालिक र अल्पकालीन सुधारका लागि एउटा विश्वसनीय र दक्ष संयन्त्र निर्माणमार्फत न्यायपालिकामा अर्थपूर्ण सुधार ल्याउनु आवश्यक छ । माथिदेखि तलसम्म न्यायपालिका फोहोरी खेलमा गाँजिएको अवस्थामा एउटा न्यायाधीशलाई महाअभियोग लगाएर लक्ष्य हासिल हुँदैन । झण्डै ८ खर्बको भ्रष्टाचार र बेरुजू महालेखा परीक्षकको प्रतिवेदनमा देखिनु उच्चतम तहको भ्रष्टाचारको प्रमाण हो। त्यसमा नेपाल बार सलबलाएन । नागरिक समाज मौन छ ।

एमसिसी नेपाल कम्प्याक्टको भविष्य के हुन्छ थाहा छैन । अर्थात त्यो प्रधानमन्त्री शेरबहादुर देउवाको विवेकसँगै उनी नेपाली जनतासँग संवादमा जान चाहन्छन् कि जुनसुकै मूल्यमा पनि अमेरिकालाई रिझाउन चाहन्छन्, त्यसमा भर पर्नेछ । एउटा सहायकमन्त्रीले धम्काएको भरमा नेपाली जनमतलाई उपेक्षा गर्नु '१२-बुँदे लोकतन्त्र'को असली नियतबाट सदासर्वदा आफूलाई निर्देशित गर्नु हो।

आन्तरिक मामिलामा आन्तरिक नेतृत्व र सरोकारवालालाई उपेक्षा गरी बाह्य निर्देशनबाटै नेपालमा महत्वपूर्ण एजेण्डा अगाडि बढ्नु पर्ने नियत नै '१२-बुँदे लोकतन्त्र' को केन्द्रीय मान्यता र अर्थ हो । नेपाल कम्प्याक्टअन्तर्गत नेपालले रातोमाटेमा ३८५ रोपनी जग्गा खरिद गरिसकेको छ । ४०० केभी सबस्टेशन निर्माणका लागि भने लक्ष्मी फेदी, दमौली, न्यू बुटवल र हेटौँडामा नेपाल विद्युत प्राधिकरणकै जमीनमा पूर्वाधार निर्माण गर्ने सहमति भएको छ । अमेरिकी सरकार उसका करदाताबाट उठ्ने यो रकमको खर्च, उपयोग या अनुपयोगका लागि त्यहाँको सिनेट कमिटीको निगरानी तथा त्योप्रति जवाफदेही रहनुपर्छ ।

लामो समय अनिश्चयमा रहेको परियोजनाबारे सिनेटसमक्ष चित्तबुझ्दो जवाफ दिनुपर्ने बाध्यतामा अमेरिकी विदेश विभाग छ । त्यसैले त्यहाँका सहायकमन्त्री भद्दा रुपमा लाचार नेपाली नेताहरुसमक्ष पेश भइरहेका छन् । त्यसले नेपाली जनमतलाई थप अमेरिकाविरुद्ध धकेलेको छ ।

त्योसँगै एमसिसीबारे आफ्नो र दलीय स्वार्थमा माओवादी केन्द्रले बोली फेर्दै गएपछि देउवाको प्रतिष्ठा र विश्वसनीयतासँगै अगाडिको बाटो असहज बनेको छ । प्रचण्ड र देउवा एकअर्कासँग सहकार्य गर्दासम्म आफ्नो हैसियत उकासिने प्रचण्डलाई थाहा छ ।

तर, प्रचण्डको षडयन्त्र, स्वार्थको आयाम र एकैचोटी अनेक जिब्रोमा कुरा गर्नसक्ने क्षमतालाई कांग्रेसले नबुझ्दा उसको राजनीतिको ओरालो यात्रा स्वाभाविक परिणति बनेको हो। कांग्रेस नेता तथा मन्त्री मिनेन्द्र रिजालले हालै एउटा दैनिक पत्रिकासँग माओवादी नेपाली कांग्रेसलाई 'लाल कांग्रेस' बनाउन उद्यत रहेको बताएका छन् ।

तर, नेपाली कांग्रेस १२-बुँदेपछि नै माओवादीको 'बी-टीम' अथवा 'जुनियर पार्टनर' बनेको तथ्यलाई उनी बेवास्ता गर्दैछन् । नेपाली जनताको भावी आकांक्षाको प्रतिनिधि 'माओवादी' हो भन्ने मान्यताको जगमा १२-बुँदेमा हस्ताक्षर भएको थियो र त्यसलाई जी.पी. कोइरालाले स्वीकार गरेका थिए ।

त्यसको समीक्षा र संशोधन नहुँदासम्म नेपाली कांग्रेस 'लाल कांग्रेस' नै रहने छ । बाह्य बफादारीलाई सार्वभौम जनताको चाहनाभन्दा ठूलो ठान्ने भूल नेपाली कांग्रेसले त्यसैबेला गरेको हो ।

नेपाली कांग्रेसले एमसिसी कम्प्याक्ट पारित गर्ने नाममा प्रधानन्यायाधीशमाथि ल्याइएको महाअभियोग प्रस्तावबारे पनि स्पष्ट र निर्मम समीक्षा गर्नु आवश्यक छ । उ त्यसमा अडिन सक्छ, या एउटा षड्यन्त्रमा फसेको स्वीकार गरी पछाडि हट्न सक्छ । तर, न्यायपालिकालाई 'ब्ल्याकमेल'द्वारा निरीह बनाउने छुट नेपाली कांग्रेससँग या त्यस अर्थमा कुनै पनि दलसँग रहन सक्तैन ।

कमसेकम प्रजातान्त्रिक मूल्य र मान्यता तथा स्वतन्त्र न्यायपालिकामा विश्वास राख्ने कुनै पनि दलले यस्तो कदम उठाउन सक्तैन यो शैलीमा। तर, अहिलेको समस्याले एउटा अवसरको सिर्जना पनि गरेको छ, नेपाली कांग्रेस र त्यसको नेतृत्वका लागि। अमेरिका उसको अभिभावक सावित भएको छ । यस्तै '१२ - बुँदे लोकतन्त्र'को सूत्रधार भारत अब अमेरिकी स्वार्थसँग जोडिएर उसको सहायकका रुपमा नेपाल छिर्न बाध्य भएको छ ।

त्यो उसको अति हस्तक्षेपकारी नीति र अविश्वसनीय कूटनीतिको स्वाभाविक परिणाम र अमेरिका इन्डोप्यासिफिक रणनीतिसँगको समीकरणको परिणाम पनि हो । प्रचण्ड र अन्य कम्युनिष्ट दलहरु ( एमालेलगायत)ले एमसिसीमा खेलेको द्वैध र परस्पर विरोधी भूमिकाका कारण चीनले उनीहरु अविश्वसनीय मात्र हैन, चिनियाँ कम्युनिस्ट पार्टीजस्तो राष्ट्रवादी चरित्र उनीहरुसँग नभएको बुझ्न सकेको छ ।

खासमा एमाले-माओवादी विलयको चरणमा चीनले आफ्नो सम्पूर्ण सामर्थ्य, शक्ति र समर्थन उसको पक्षमा लगाएर उसको परम्परागत तर कूटनीतिक सन्देशबाट विचलित भएको नमिठो सन्देश नेपाललाई दिएको थियो । तर सम्भवतः चीन छिट्टै नै समीक्षा र सुझावको मूडमा देखिएको छ ।

यसपल्ट एमसिसीको पक्ष र विरोधले नेपालको आन्तरिक राजनीति तथा विकासका एजेन्डामा आन्तरिक आवश्यकता र बहस नै निर्णायक हुनुपर्ने स्पष्ट सन्देश दिएको छ । हिजो श्याम सरण, इयान मार्टिन षड्यन्त्रअन्तर्गत कुनै शक्तिलाई यो बहस र भावी निर्णयबाट राजनैतिक परिवर्तन र शान्ति प्रक्रिया सञ्चालन गर्दाजस्तो बाहिर राख्नु घातक हुने अहिले सबैले बुझेका छन् ।

नेपाली राजनीतिको छिनोफानो नेपाली, सडक या संसद जहाँबाट गरे पनि हुन्छ । तर, नेपालमै त्यसको छिनोफानो हुनुपर्छ। बीपीको मेलमिलापको र १२-बुँदे लोकतन्त्र तथा एमसिसी विरोधबाट निर्मित संगमको अर्थ खोज्नु र बुझ्न आवश्यक छ ।

एमसिसीविरुद्धको आन्दोलन भ्रष्टाचारविरुद्धको जनआन्दोलनसँग जोडिन्छ भोलि पक्कै पनि । त्यो आन्दोलनका खलनायकहरु अहिलेको पद्धतिसँग हाँसिरहेका छन् ।

नेपाली स्वतन्त्रता र स्वाभीमान र आन्तरिक स्वार्थबाट निर्देशित आन्दोलन र समाधानले राष्ट्रिय स्वार्थ र हितको सम्वर्द्धन गर्नेछ । प्रजातन्त्र र मानव अधिकारका नाममा सहयोग दिने बाह्य मुलुकका लागि पनि एउटा पाठ या चेतावनी हो। उनीहरुले 'प्रजातन्त्र र नेपालको निष्पक्ष विकास'का लागि मात्र सहयोग गर्छन् त ? भन्नेबारे 'डिबेट' या मन्थनको प्रारम्भ पनि हो यो ।

*देशसञ्चारबाट साभार ।*

# निर्वाचन नराउन महाअभियोग प्रस्ताव दर्ता गरिएको आरोप

**रासस**

सर्लाही, - नेकपा(एमाले)का महासचिव शंकर पोखेलले शसमयमै निर्वाचन गर्न नदिन सरकारले प्रधानन्यायाधीशमाथि महाअभियोगको प्रस्ताव दर्ता गरेको आरोप लगाउनुभएको छ । एमाले सर्लाहीको आठौं जिल्ला अधिवेशन उद्घाटनका लागि सर्लाही आउनुभएका महासचिव पोखेलले एमालेको दबाबका कारण समयमै हुन लागेको स्थानीय निकायको निर्वाचन नगर्न कोशिस भइरहेको आशङ्का गर्नुभयो ।

एमाले सरकारले गरेका विकास निर्माणका गतिविधि देखेर जनता एमालेप्रति आकर्षित भएको समयमा एमालेको दबाबमा वैशाख ३० गते स्थानीय निकायको निर्वाचन हुनुपर्नेमा जोड दिनुभयो । महासचिव पोखेलले मधेशमा कम्युनिष्ट पार्टी चिनाउने काम नेकपा (एमाले)ले गरेको दाबी गर्नुभयो । उहाँले अघिल्लो निर्वाचनमा तत्कालीन प्रदेश नं २ अहिलेको मधेस प्रदेशमा निर्वाचनको प्रचार-प्रसार गर्न नपाउँदा पनि आफूहरूले ४० प्रतिशत स्थानीय निकायमा जित हासिल गरेको भन्दै आगामी निर्वाचनमा मधेस प्रदेशमा एमालेले बहुमत ल्याउने दाबी गर्नुभयो ।

## स्वास्थ्य र जीवनशैली

# बिहान खाली पेटमा खान नहुने ६ खानेकुरा

सामान्यतया: बिहान खाली पेटमा चियासँग दिनको सुरुवात गर्ने प्रचलन छ । बिहान चियासँगै बिस्कुट वा पाउरोटी जस्ता खानेकुरा पनि खाने गरिन्छ । चियापछि विभिन्न खानेकुरा खाने गरिन्छ । जसमा प्रायः पुवा, समोसा, अमलेट, फलफूल आदि पर्छन् । बिहान खाली पेटमा खाइने कतिपय खानेकुराहरुलाई ध्यान दिन आवश्यक हुन्छ । जसले दिनभरी उर्जा दिनुका साथै शरीरमा आउने विभिन्न समस्याबाट पनि बचाउँछ ।

विशेषज्ञका अनुसार खाली पेटमा केही पदार्थहरु खान हुँदैन । बिहान खाली पेटमा खाने केही खानेकुराले आन्द्रामा गम्भीर नोक्सान पुर्याउँछ । लामो समय सुतिसकेपछि मात्रै पाचन तन्त्रले काम गर्न सुरु गर्छ । यसका लागि खाना सुतेर उठेको २ घण्टापछि मात्रै खाने गर्नुपर्छ । तर, खाली पेटमा कुन खानेकुरा खाँदा शरीरलाई बेफाइदा पुग्छ ?

◆ ***मसलायुक्त खानेकुरा :*** खाली पेटमा मसला र पिरो खानेकुरा खाँदा पेटमा जलन पैदा हुन्छ। खाली पेटमा खाइने यस्ता खानेकुराले एसिडिक रियाक्शन गर्ने र पेटमा ऐठन पैदा गरेर समस्या निम्त्याउँछ । मसलाको प्रकृति अनुसार पाचन प्रक्रियामा समस्या आउँछ । त्यसैले बिहानको समयमा चर्को र मसालेदार खानेकुरा खानबाट बच्नुपर्छ । बिहानको नास्तामा यस्ता खानेकुरा खानबाट बचौं ।

◆ ***जुस :*** बिहान खाली पेटमा जुस पिउनु पनि फाइदाजनक हुँदैन । यसले पेटमा अनावश्यक भार दिने भएकाले शरीरलाई फाइदा गर्दैन । खाली पेटमा फलमा हुने फ्रक्टोजको रुपमा हुने चिनीले कलेजोमा अत्यधिक दबाव दिने भएकाले खाली पेटमा जुसको सेवन गर्न हुँदैन ।

◆ ***दही :*** दहीमा ल्याक्टिक एसिड हुन्छ। यसले पेटमा अम्लियपना बढाउँछ। पेटमा अम्लताको स्तर बिगार्छ। खाली पेटमा दुधबाट उत्पादन हुने खानेकुराहरुले पेटमा हुने राम्रो ब्याक्टेरियालाई मार्छ । जसले एसिडिटी बढाउँछ। त्यसले बिहान खाली पेटमा यसको सेवन गर्न हुँदैन ।

◆ ***खनासपाती :–*** नासपातीमा पाइने काँचो फाइबरले पेटमा हुने पातलो झिल्लीमा असर पार्छ। यसलाई खाली पेटमा सेवन गर्दा पेटमा दुखाई बढ्न सक्छ । त्यसैले बिहान खाली पेटमा यसको सेवन गर्न हुँदैन ।

◆ ***अमिलो फलफूल :*** फलफूल स्वास्थ्यका लागि फाइदाजनक हुन्छ । तर, कुनै कुनै फलफूल बिहानको समयमा खान हुँदैन । केही फलफूलहरुको स्वाद अमिलो हुन्छ । ति फलफूलको सेवनले पेटमा एसिड उत्पादन गर्छ । साथै, यस्ता फलफूलमा अधिक मात्रामा फाइबर र फ्रक्टोज पनि हुन्छ । जसले खाली पेटमा पाचन तन्त्रलाई कमजोर बनाउँछ ।

◆ ***काँचो तरकारी :*** बिहान खाली पेटमा काँचो तरकारीको सेवन गर्न हुँदैन । किनकी विशेषज्ञहरुले यस्तो खानेकुराको सेवन गर्ने सल्लाह दिँदैनन् । काँचो तरकारीमा फाइबरको मात्रा भरपुर हुन्छ। यसले खाली पेटमा अतिरिक्त भार पार्ने भएकाले यसको सेवन गर्न हुँदैन ।

◆ ***कफी :*** एक कप कफीको सेवन गर्न उपयुक्त नै हुन्छ । तर, कहिलेकाँही खाली पेटमा भने कफीको सेवन गर्न हुँदैन । खाली पेटमा पाचन तन्त्रलाई समस्या पार्छ ।

# मनोरञ्जन समाचार

## पलले रोके म्यूजिक भिडियोको काम

■ सिन्धुली सौगात

काठमाडौं, - कुनै दिन पल शाहले सर्वाधिक म्यूजिक भिडियोमा काम गर्ने मोडलको रुपमा 'गिनिज बुक अफ रेकर्ड' मा आफ्नो नाम लेखाउनु भयो भने कसैले अचम्म नमान्दा हुन्छ । सम्भवतः अहिलेको अवस्थामा उहाँ जति म्यूजिक भिडियोमा काम गर्ने मोडल अरु छैनन् । महिनामा २०/२५ वटासम्म म्यूजिक भिडियोमा उहाँले काम गर्दै आउनु भएको छ । र, हरेक दिनमा एक-दुईवटा भिडियो रिलिज हुन टुट्दैनन् ।

फिल्ममा आउनुभन्दा अगावैदेखि म्यूजिक भिडियोमा काम गर्ने भएकाले पलले अहिलेसम्म यसलाई निरन्तरता दिँदै आउनु भएको छ । फिल्ममा आएपछि भने भिडियो छनौटमा चुजी बन्न उहाँलाई धेरैले सुझाव दिएका थिए । तर, 'नानीदेखि लागेको बानी' उहाँले छाड्न सक्नु भएन् । फिल्मको काम नहुँदा उहाँ दिनहुँ म्यूजिक भिडियोकै छायांकनमा हुनुहुन्छ । जसबाट उहाँको राम्रो कमाई हुने गरेको छ ।

फिल्मको छायांकन र प्रदर्शनको समयमा भने पलले भिडियोबाट केही समय विश्राम लिने गर्नुहुन्छ । तर, विश्राम लिनुभन्दा अगाडि गरेका भिडियोहरु दिनैपिच्छे सार्वजनिक हँदा उहाँको टाउको दुखाई बन्ने गरेको छ । यही फागुन १३ गते उनी अभिनीत फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिज हुँदैछ । यो फिल्मका गीत र पलले खेलेका भिडियोहरु यतिबेला सँगसँगै सार्वजनिक भइरहेका छन् ।

एउटै कलाकारले अभिनय गरेको फिल्मका गीत र म्यूजिक भिडियो एकसाथ सार्वजनिक हुँदा दर्शकहरु रनभुलमा पर्छन् । कुन फिल्मको गीत र कुन भिडियो छुट्ट्याउन सक्दैनन् । यसैले हुनुपर्छ, पलले 'म यस्तो गीत गाउँछु २' रिलिजभन्दा अगाडि भिडियोमा काम नगर्ने निर्णय गर्नु भएको छ। काम गरिसकेका म्यूजिक भिडियोहरु पनि तत्काल रिलिज नगर्न पनि उहाँले आग्रह गर्नु भएको छ रे । शनिवार बागमती सरसफाई अभियानमा सहभागी हुने क्रममा उहाँले सञ्चारकर्मीहरुसँग भन्नु भयो, "मैले १८/२० दिनका लागि म्यूजिक भिडियोको काम रोकेको छु । नभन्दा विग्रन्छ, भन्दा विग्रन्न भनेर मैले निर्देशकहरुलाई भिडियोको रिलिज र छायांकन सार्न आग्रह गरेको छु । एक/दुई जनाले भिडियो रिलिज गर्नुभयो, अरुले गर्नुभएको छैन । भिडियोको छायांकन पनि सहमतिमै रोकेका छौं ।"

## मेघगर्जन-चट्याङसहित वर्षाको संभावना

■ रासस

काठमाडौं, -पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले बदली हुनाका साथै मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । हाल उक्त मौसमी प्रणालीको आंशिक प्रभाव रहे पनि आगामी तीन दिनसम्म बदली र वर्षा गराउने महाशाखाले प्रक्षेपण गरेको छ ।

आइतबार देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । देशका पहाडी भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ ।

सोमबार पनि देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भागमा मौसम सामान्यतया सफा रहनेछ । पहाडी भू-भागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको छ । शनिवार काठमाडौंको न्यूनतम तापक्रम सात दशमलव पाँच र अधिकतम तापक्रम २० दशमलव सात डिग्री सेल्सियस रहेको छ ।

## प्रतिनिधिसभाको आजको सम्भावित कार्यसूचीमा पनि एमसीसी परेन

■ सिन्धुली सौगात

काठमाडौं - प्रतिनिसभाको आज( आइतबार)को बैठकको सम्भावित कार्यसूचीमा अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कम्प्याक्ट ( एमसीसी) समावेश गरिएको छैन ।

संघीय संसदका महासचिव डा. भरतराज गौतमद्वारा जारी सम्भावित कार्यसूचीमा एमसीसी समावेश नगरिएको हो । सार्वजनिक कार्यसूचीमा प्रधानमन्त्री शेरबहादुर देउवाले 'राष्ट्रिय समावेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८' पेश गर्ने उल्लेख गरिएको छ ।

आइतबारको प्रतिनिधिसभा बैठक दिउँसो १ बजे बस्दैछ । त्यसअघि सभामुख अग्निप्रसाद सापकोटाले विहान साढे ११ बजे संघीय संसदको शंकर हलमा बस्ने गरी कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाउनुभएको उहाँका प्रेस सल्लाहकार श्रीधर न्यौपानेले जानकारी दिनुभयो । सत्तारुढ दलहरूबीच सहमति नजुट्दा शुक्रबार र बुधबारको प्रतिनिसभा बैठकमा पनि एमसीसी प्रस्ताव टेवल हुन सकेको छैन । नेपाली कांग्रेस एमसीसीको पक्षमा हुँदा एकीकृत समाजवादी र माओवादी केन्द्र भने यसको विपक्षमा सडकमा नारा लगाइरहेका छन् । शनिबार बसेको एकीकृत समाजवादीको स्थायी समिति बैठकले टेवल गर्न नरोक्ने जनाएको छ । यद्यपि उसले पारित गर्न भने नहुने पक्षमा उभिएको छ । टेवल भएर सांसदहरूबीच पर्याप्त छलफल पछि मात्र एमसीसीलाई निर्णयार्थ पेश गर्नुपर्ने उनीहरूको तर्क छ ।

### 'गठबन्धन भत्काउने प्रयास'

■ सिन्धुली सौगात

काठमाडौं, -राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष एवं सांसद दुर्गा पौडेलले मिलिनियम च्यालेन्स कर्पोरेशन ( एमसिसी) को नाममा गठबन्धन भत्काउने प्रयास भइरहेको बताउनुभएको छ ।

राष्ट्रिय जनमोर्चा बागमती प्रदेशको प्रथम सम्मेलनलाई शनिवार सम्बोधन गर्दै उहाँले विपक्षी दलका केही नेताहरु गठबन्धन भत्काउन लागि परेको बताउनुभएको हो । "विपक्षी दलका केही नेताहरु सत्तारुढ दलका नेताहरुलाई बारम्बार भेटेर एमसिसी पारित गर्ने र गठबन्धन भत्काउने प्रयास गर्दैछन्, यसमा गठबन्धन सचेत हुनु जरुरी छ", उहाँले भन्नुभयो । दुई/दुई पटक संसद् विघटन गरेको एमालेले पाँच दलीय गठबन्धन भत्काएर संसद् विघटनको औचित्य सावित गर्न खोजेको उहाँको भनाइ छ । उहाँले एमसिसीका बारेमा यथार्थ कुरा जनतामाझ लैजानुपर्ने बताउनुभयो । सम्मेलनले लालबहादुर थापाको अध्यक्षतामा २१ सदस्यीय प्रदेश समिति गठन गरेको छ । सम्मेलनले सात सदस्यीय सल्लाहकार समिति गठन गरेको जनमोर्चाका नेता रोशन दानीले जानकारी दिनुभयो ।

# खेल समाचार

## नेपालको लगातार जित

■ रासस

काठमाडौं, - आइसीसी पुरुष टी-ट्वान्टी विश्वकप ग्लोबल छनोटअन्तर्गत नेपालले फिलिपिन्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ ।

ओमानको मस्कटस्थित अल अमरेत क्रिकेट मैदानमा शनिवार भएको खेलमा नेपालले फिलिपिन्सलाई १३६ रनको भारीअन्तरले पराजित गरेको हो । सोही मैदानमा शुक्रवार भएको ओमान विरुद्धको पहिलो खेलमा नेपाल ३९ रनले विजयी भएको थियो । जितसँगै नेपाल चार अंक जोड्दै सेमिफाइनल नजिक पुगेको छ। शनिवारको खेलमा २१९ रनको लक्ष्य पछ्याएको फिलिपिन्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८२ रनमा समेटियो । फिलिपिन्सका लागि जोर्डन अलेग्राले २७, ड्यानियल स्मीथले २०, कप्तान जोनाथन हिलले ११ तथा कपिल कुमारले ४ रन जोडे । बलिङतर्फ नेपालका कप्तान सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट लिए भने गुल्सन झा, दीपेन्द्र सिंह ऐरी, कुशल मल्ल, अविनाश बोहरा र जितेन्द्र मुखियाले समान एक-एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर २१८ रन जोड्यो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक १०४ रनको योगदान दिए । उनले ६१ बल खेल्दा १३ चौका र एक छक्काको मद्दतमा १०४ रन जोडेका हुन । कुशलको टी-ट्वान्टी अन्तर्राष्ट्रियमा यो सर्वाधिक रन हो । यसअघि उनले ७७ रन बनाएका थिए । त्यसैगरी कुशल नेपालबाट शतक बनाउने तेस्रो खेलाडी हुन् । यसअघि नेपालबाट ज्ञानेन्द्र मल्लले ५५ बलमा १०७ रन तथा पारस खड्काले ५२ बलमा १०६ रन बनाएका थिए । त्यसैगरी दीपेन्द्र सिंह ऐरीले ८३ रन जोडे । उनले ४७ बलमा ६ चौका र ४ छक्का प्रहार गरे । लोकेश बम ६ रनमा अविजित रहँदा कुशल मल्ल १२ रनमा आउट भए। आशिफ शेख शुन्य रनमै आउट भएका थिए। फिलिपिन्सका लागि गुर्धुपिन्दर चोहान, मिग्गी पोडोस्की र ड्यानियल स्मीथले एक-एक विकेट लिए। नेपालले अब समूह चरणको अन्तिम खेल सोमबार क्यानडासँग खेल्नेछ ।

## राप्रपा (नेपाल)को राजनीतिक आदर्श जनतामा केन्द्रित संवर्द्धनवाद

■ रासस

काठमाडौं, - राप्रपा (नेपाल)का अध्यक्ष कमल थापाले आफ्नो पार्टीले हिन्दू राष्ट्र, सुशासन र समृद्धिका विषयलाई राजनीतिक आदर्शका रूपमा अगाडि बढाउने बताउनुभएको छ ।

यहाँ शनिवार आयोजित पार्टी घोषणा कार्यक्रममा अध्यक्ष थापाले राजसंस्थालाई सम्मान तथा जनतामा केन्द्रित संवर्द्धनवादको चिन्तनलाई प्राथमिकतामा राखेर क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मुलुकमा विसं २००७ देखि अहिलेसम्म विभिन्न रजनीतिक प्रणालीका साथै आधा दर्जन संविधान प्रयोग भइसकेको भए पनि स्थायित्व हुन नसकेकाले जनताको जीवनस्तर परिवर्तन हुन नसकेको बतउनुभयो । अध्यक्ष थापाले विविधताले भरिएको देशमा सबै जाति समुदायका मौलिक संस्कृतिको संरक्षण गरी सनातन हिन्दू राष्ट्र कायम गर्न सकेमा मात्र राष्ट्रिय एकता बलियो हुने विचार व्यक्त गर्नुभयो । विगतमा पार्टी ठूलो बनाउने नाममा आफूले अस्वभाविक सम्झौता गरेकामा पश्चाताप व्यक्त गर्दै उहाँले भन्नुभयो, "मैले राप्रपा फुटाएको छैन, राप्रपा सैद्धान्तिकरूपमा विचलित भएको छ, जीवन्त राष्ट्रवादी शक्तिको खाँचो छ ।" अध्यक्ष थापाले विगत पाँच वर्षको अलमलले पार्टीको पहिचान गुमेकाले आफूहरू भूमिकाविहीन भएको प्रष्ट पार्नुभयो ।

# अन्तर्राष्ट्रिय समाचार

## आपतकालीन अवस्था विस्तार

■ रासस/एएनआऐ/स्पुतनिक

अमेरिका (वासिङ्टन), - अमेरिकी राष्ट्रपति जो बाइडेनले कोभिड-१९ को महामारीका कारण झण्डै दुई वर्षअघि देशमा घोषणा गरिएको आपतकाललाई निरन्तता दिनुभएको छ ।

"कोभिड महामारीले राष्ट्रको जनस्वास्थ्य र सुरक्षा लागि जोखिम निम्त्याइरहेको छ । राष्ट्रपतिले संघीय सरकारको पूर्णक्षमताका साथ कोभिड-१९ विरुद्ध लड्न र प्रतिकार्य गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पुष्टि भएका सङ्क्रमण केसको सन्दर्भमा संयुक्त राज्य अमेरिका विश्वको दोस्रो सबैभन्दा बढी प्रभावित देश हो । अमेरिकी स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार देशमा कोभिड-१९ सङ्क्रमितको कुल संख्या आठ करोड नाघेको छ । त्यसैगरी पाँच करोडभन्दा बढी संक्रमित निको भइसकेका छन् भने ९५८,३०० संमितको मृत्यु भइसकेको छ ।

*लागू औषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार,समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हँदा यसता पदार्थ देखि ताढा रहौं।*

**सुनकोशी गाउँपालिका, सिन्धुली**

# रोचक प्रसङ्ग

## रिसाउने गर्लफ्रेण्डलाई तह लगाउने गजबको काइदा

एक युवकले आफ्नी रिसाइराख्ने गर्लफ्रेण्डलाई सजाय दिन गजबको तरिका निकाले । यो जोडीले आफूहरुको कहानी सामाजिक संजालमा पनि शेयर गरे । उनीहरुको कहानी अहिले सामाजिक संजालमा भाइरल भइरहेको छ ।

खासमा ती युवकले आफ्नी गर्लफ्रेण्डलाई गिफ्ट दिनको लागि ३६० डलर (४३ हजार रुपैयाँ) जम्मा गरेर राखेका थिए । तर, जब उनकी गर्लफ्रेण्ड उनीसँग रिसाएर कराउँथिन्, हरेक पटक उनले यो जम्मा भएको पैसाबाट १ डलर काटिदिन्थे । यो क्रम चल्दै गयो । जब भ्यालेन्टाइन डे आयो त्यस दिन उनले जम्मा गरेका ३६० डलरमा केवल ४० डलर (करिब ४ हजार ८ सय रुपैयाँ) मात्र बाँकी रह्यो । अर्थत उनले ३२० डलर (३८ हजार रुपैयाँ) गर्लफ्रेण्ड रिसाएका कारण काटिदिए ।

यी दुईको इंगेजमेन्ट पनि भइसकेको छ । यी युवकले टिकटकमा आफ्नो अनौठो प्रेम कहानीको भिडियो शेयर गरेका छन् जुन भिडियो भाइरल भएको छ । यी युवकको नाम इशाक रमिरेज हो । इशाक अमेरिकाको क्यालिफोर्नियाको सान्ता पाउलामा बस्छन् । उनले भने 'गत वर्ष मैले ३६० डलर गर्लफ्रेण्डको भ्यालेन्टाइन गिफ्टको लागि जम्मा गरेको थिएँ तर जब उनी मसँग रिसाएर कराउँथिन् मैले यसबाट १ डलर काटिदिन्थें ।'

द इण्डिपेन्डेन्टका अनुसार उनले टिकटकमा त्यो खाम पनि देखाएका छन् जसमा उनले २०२२ को भ्यालेन्टाइन डेको लागि पैसा जम्मा गरेर राखेका थिए। एउटा खाम पैसाले भरिएको छ र अर्को खाम च्यातिएको छ जसबाट उनी पैसा निकालिरहेका देखिएका छन् । उनीहरुको भिडियोमा प्रतिक्रिया दिनेहरुमध्ये केही रमिरेजसँग सहमत देखिएका छन् भने केही असहमत छन् ।

१. हात्ती चेतनशिल हुन्छ। गाली गऱ्यो वा दुख दियो भने बदला स्वरुप पछि आएर पनि आक्रमण गर्न सक्छ ।

२. पोथी हात्ती प्राय समूहमा बस्छ र मातृसत्तात्मक हुन्छ। भाले र भाले हात्ती मिल्दैनन् । भाले हात्ती प्राय एक्लै बस्छ ।

३. हात्तीको सुघ्ने शत्तिः बढि हुन्छ ।

४. हात्तीको देख्ने/हेर्ने शक्ति कम हुन्छ। हात्तीलाई तेजिलो वस्तु मन पर्दैन ।

५. हात्तीको सुन्ने शक्ति बढि हुन्छ ।

६. हात्तीको पाइतलाको टाला बढि चेतनशी हुन्छ र छिटै आवाजन टिप्न सक्छ ।

७. हात्ती आगादेखि डराउँछ ।


८. हात्ती शान्तसँग धेरै दूरी हिड्न सक्छ । हात्ती ४० किलोमिटर प्रति घण्टाको गतिमा हिड्न सक्छ ।

९. हात्ती शान्त भएर बस्न सक्छ । हात्ती लुक्न सिपालु हुन्छ ।

१०. हात्ती मस्त बस्न रुचाउँछ ।




*हातीले आक्रमण गर्न सक्ने अवस्था*



१. हात्ती रिसाएको बेलामा बढि खतरा हुन्छ ।

२. बस्तीमा हात्ती आएको बेलामा कुकुरले भुकेको अवस्थामा बढि खतरा हुन्छ ।

३. हात्ती एकलो र मातेको अवस्थामा बढि खतरा हुन्छ ।

४. घरपालुवा हात्ती भएको ठाउँमा जंगली हात्ती आउने हुँदा बढि खतरा हुन्छ ।

५. बच्चा साथमा भएको हात्ती खतरा हुन्छ ।

६. धान, सख्खर, जाँड, रक्सी भएको ठाउँमा बढि खतरा हुन्छ ।

७. आक्रमण पूर्व कान फैलाउने र हल्लाउने गर्छ । पुच्छर उचाल्छ र कराउँछ । ८. रिसाउँद सूढ र अगाडिको खुट्टा भूईमा बजार्छ ।

८. हात्तीले नयाँ नयाँ आक्रमण तरिका अपनाउँछ ।

**डिभिजन वन कार्यलय सिन्धुलीमाढी**

*प्रदेश सरकार*
*वन तथा वातावरण मन्त्रालय*
*वन निर्देशनालय*
*डिभिजन वन कार्यालय, मरिण*
*बागमती प्रदेश*

**डिभिजन वन कार्यलय मरिणको निवेदन आह्वान सम्बन्धि सूचना**

*प्रकासित मितिः २०७८/११/०८*

यस कार्यालयको आव २०७८-०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयको कार्यक्षेत्रभित्र ( १) सामुदायिक वन भित्र उप समूह बनाइ कबुलियतनामा गरि एकै स्थानको १०० रोपनी भन्दा बढि क्षेत्रफलमा जडिबुटी खेतीका लागि प्लट, बृक्षारोपणका लागि बिरुवा खरिद र बितरण (टिमुर, लौठसल्ला, अमला, सतुवा, चिराइतो ) (२) अगरउडको बिरुवा खरिद गरि रोपण (सा.व/क. व./राष्ट्रिय वन क्षेत्र/निजि जग्गा (३) टिमुर/अमलाको एकै स्थानको १०० रोपनी भन्दा बढि क्षेत्रफलको निजि जग्गामा जडिबुटी खेतीको लागि प्लट बृक्षारोपणको लागि बिरुवा खरिद र बितरण (निजि जग्गालाइ क्लष्टरिङ्ग गर्न सकिने) (४) जडिबुटी बिरुवा खरिद, खेती/बृक्षारोपण कार्यक्रमहरु अनुदानद्धारा सञ्चालन गर्नुपर्ने भएकाले अनुदानका लागि इच्छुक व्यक्ति,फर्म, व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक तथा कबुलियती वन समूह वा जडिबुटी तथा गैह्र काष्ट व्यवसायमा संलग्न किसानहरुले सिन्धुली सौगात राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन सहित प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकासित गरिएको छ । विस्तृत जानकारीका लागि यस कार्यालयमा संपर्क गर्न हुने सुचित गरिन्छ ।

इमेल ठेगानाः marindivision@gmail.com फोन नं ९८४१८५१४८१

# निर्वाचनमा देखाइने कार्ड अलि खतर्नाक नै हुन्छ: प्रमुख निर्वाचन आयुक्त

■ रासस

काठमाडौँ, - प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी स्थानीय तहको निर्वाचनमा राजनीतिक दल र उम्मेदवारलाई फुटबल खेलाडीलाई जस्तै नियम उलंघन भयो भनी रेडकार्ड देखाउने अवस्था सिर्जना नगर्न सुझाव दिनुभएको छ ।

निर्वाचन आयोगद्वारा छैटौँ निर्वाचन दिवसका अवसरमा आयोजित कार्यक्रममा उहाँले फुटबलमा विभिन्न कार्ड देखाउँदा सचेत गराउने अवस्था रहे पनि निर्वाचनमा देखाउने कार्डअलि खतर्नाक रहने भएको हुँदा त्यसलाई समयमै महसुस गर्न दल र उम्मेदवारलाई आग्रह गर्नुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, “निर्वाचन फुटबल खेल जस्तै हो, राजनीति दल र उम्मेदवार खेलाडीका रुपमा मैदानमा आउनुहुन्छ । आयोग रेफ्रिको भूमिकामा हुन्छ, निर्वाचनका समयमा मैदानमा रहेका खेलाडी (दल र खेलाडी)ले नियम उलङ्घन (फल्ट) गरिहाल्छ कि भनेर हेर्नु पर्ने हुन्छ ।” फल्ट भए/नभएको हेर्ने आयोगसहित निर्वाचनमा खटिने दुई लाख ५० हजारभन्दा बढी जनशक्तिको जिम्मेवारी रहेको बताउँदै उहाँले भन्नुभयो, “हामी चाहन्छौँ, कसैले कसैलाई फल्ट गर्‍यो भनेर रातो कार्ड देखाउनुपर्ने अवस्था सिर्जना नहोस् ।”

प्रमुख आयुक्त थपलियाले आयोग र मातहतका कर्मचारीलाई निर्वाचनको तयारीलाई विशिष्ट अङ्क ल्याएर परीक्षा उत्तीर्ण गर्ने अवसरका रुपमा लिएर काम गर्न सुझाव दिँदै तपाईले दिँदै आएको परीक्षाभन्दा यो पटकको निर्वाचनका जिम्मेवारी फरक छ, यो परीक्षामा असफल हुने छुट तपाई हामी कसैलाई छैन बताउनुभयो । उहाँले भन्नुभयो, “एकै चरणमा सबै स्थानीय तहमा निर्वाचन हुँदा स्वभाविक कामको चटारो हामीलाई छ, अहिले थोरै समयमा धेरै गर्नुपर्ने हुन्छ, निर्वाचन परीक्षा भएकाले उत्कृष्ट अङ्क लिएर सफल हुनैपर्छ ।”

**♦आफैँ निर्देशित भएर काम गर्नुस्**

निर्वाचन आयुक्त डा जानकी तुलाधरले निर्वाचन लोकतन्त्रको आधारस्तम्भ भएकाले सबैपक्षको सहमति सुनिश्चित गर्दै समन्वय र सहकार्यको खाँचो औँल्याउनुभयो । निर्वाचन आयुक्त सगुन शमशेर राणाले निर्वाचनलाई सहजरुपमा सफल तुल्याउन सामूहिक दायित्वकारुपमा बुझेर काम गर्न आवश्यक रहेको बताउनुभयो ।

निर्वाचन आयोगका सचिव गोकर्णमणि दुवाडीले स्वच्छ, निष्पक्ष, भयमुक्त विश्वासिलो र मितव्ययी निर्वाचन गर्ने आयोगको पुनित जिम्मेवारीलाई हामी सबैले अवसरका रुपमा लिएर पूरा गर्नुपर्छ भन्नुभयो ।

आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले निर्वाचनमा बेरुजु नआउने गरी काम गर्न र जिल्लामा निर्वाचनको वातावरण सिर्जना गर्न सुझाव दिनुभयो । निर्वाचन दिवसको मूल नारा ‘निर्वाचनमा सबै, सधैँ सँगै’ भन्ने रहेको छ । सो अवसरमा प्रमुख आयुक्त थपलियाले आयोगका २० वर्ष सेवा गर्ने तथा उत्कृष्ट कार्यसम्पादन गर्ने १० कर्मचारीलाई पुरस्कार घोषणा गरियो । सो अवसरमा त्यहाँ उपस्थित तीन जनालाई पुरस्कार प्रदान गरियो । कार्यक्रममा निर्वाचन स्मारिकासमेत विमोचन गरियो ।

# ‘एमसीसीविरुद्धको संघर्ष गम्भीर मोडमा’

■ रासस

काठमाडौं, -६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले एमसीसीविरुद्धको संघर्ष गम्भीर मोडमा पुगेको निष्कर्ष निकालेको छ । शनिवार नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगरमा बसेको बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

अमेरिकी राजदूत र्‍याण्डी वेरिको ट्वीट, चीनको विदेश विभागको पत्रकार सम्मेलनबाट व्यक्त धारणा र देउवा सरकारको एमसीसी संसदमा टेबल गरी पारित गराउने अन्तिम कसरतले उक्त कुराको पुष्टि गरेको उनीहरुको भनाइ छ ।

मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसाल, नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, मोहन वैद्य ‘किरण’ नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादी, चित्रबहादुर के.सी नेतृत्वको राष्ट्रिय जनमोर्चा , सी .पी. गजुरेल नेतृत्वको देशभक्त जनगणतान्त्रिक मोर्चा, ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी, कर्णजित बुढाथोकी ‘सुशिल’ नेतृत्वको नेकपा माओवादी केन्द्र समाजवादी र आहुती नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीले संयुक्त विज्ञप्ति जारी गरी जनताका संघर्षलाई व्यापकता प्रदान गर्नु आफूहरुको कर्तव्य भएको बताएका छन् । “एमसीसी जुनसुकै मूल्यमा खारेज गरी राष्ट्रिय स्वाधिनताको रक्षाको सवालमा आफूलाई आन्दोलित गरिरहेका नेपाली जनताका अगाडि जनसंघर्षको कार्यक्रमलाई उच्चता र व्यापकता प्रदान गर्नु आफ्नो कर्तव्य हुन आएको छ” ६ दल र २ मोर्चाले संयुक्तरुपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ । आज काठमाडौँ उपत्यकामा माइतीघर मण्डलाबाट विरोध प्रदर्शन सहित नयाँ बानेश्वरस्थित संसद् भवन घेराउ र देशव्यापी रूपमा सबै जिल्लामा व्यापक विरोध प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम तय भएको विज्ञप्तिमा जनाइएको छ ।


**Tinpatan Rural Municipality**
Office of the Rural Municipal Executive
Lampantar, Sindhuli

## INVITATION FOR BIDS

First date of Publication 2078/11/08

1.The Tinpatan Rural Municipality, Sindhuli invites electronic bids from eligible bidders for the Procurement of Goods under Nationalcompetitive bidding procedures specified in Public Procurement Act and Regulations.

| S.N. | Contract No. | Description of work | Estimated Amount (Without VAT) Nrs. | Bid security Amount Nrs. |
|---|---|---|---|---|
| 1 | TRM/G/NCB/01/078/079 | Procurement of HDPE Pipes and Summersible Pumps | 32,40,414.00 | 1,00,000.00 |

2.Bidding Documents is available Online and can be downloaded form e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank

***Information to deposit the cost of bidding document in Bank:***

Cost of Bid-Document : ***Nrs. 3,000/- (Non Refundable)***
Name of the Bank: ***Bank of Kathmandu, Tinpatan Branch, Sindhuli***
Name of Office: ***Tinpatan Rural Municipality Office, Sindhuli***
Account no.: ***018200000814524***

Eligible Bidders may obtain further information from the office of Tinpatan Rural Municipality, Lampantar, Sindhuli, during office hours or may visitwww.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***



*जथाभावी फोहोर नफालौं, जिल्ला सफा र सुन्दर राखौं ।*

***कमलामाई नगरपालिका, सिन्धुली***


# पेट्रोलियम पदार्थको मुल्यवृद्धि

■ रासस

काठमाडौँ, - नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली अनुरुप निगमले पेट्रोल, डिजेल र मट्टितेलमा रु तीन वृद्धि गरेको हो । शनिवार राति १२ बजेदेखि नयाँ मूल्य लागू हुने निगमले जनाएको छ ।

नयाँ मूल्यअनुसार पेट्रोलको मूल्य रु १४५ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य रु १२८ कायम गरिएको छ। खाना पकाउने एलपी ग्यासको मुल्य भने यथावत राखिएको छ ।

अन्तर्राष्ट्रिय बजार मूल्य अनुरूप प्रति लिटर पेट्रोल रु ५.६१ ले बढेको, डिजेल रु ५.६२ ले बढेको र हवाई इन्धन रू ४.९५ ले बढेर आएको निगमले जनाएको छ । सोही अनुरुप निगमलाई १५ दिनमा करिब रू दुई अर्ब ४० करोड घाटा हुने अवस्था रहेका कारण मूल्य बढाउन बाध्य भएको निगमले विज्ञप्तिमार्फत जनाएको छ ।

# निष्पक्षरूपमा निर्वाचन गर्न ओलीको आग्रह

■ रासस

भक्तपुर, - प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आउँदो वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन निष्पक्षरूपमा सञ्चालन गर्न कर्मचारी र सुरक्षाकर्मीलाई आग्रह गर्नुभएको छ ।

सूर्यविनायक नगरपालिकाले भक्तपुरको जगातीमा सञ्चालनमा ल्याएको सूर्यविनायक नगर अस्पतालको शनिवार उद्घाटन गर्दै उहाँले निर्वाचन निष्पक्ष गर्न कर्मचारी र प्रशासनले सघाउनुपर्ने बताउनुभयो । एमाले कार्यकर्तालाई निर्वाचनको तयारीमा लाग्न उहाँले निर्देशन दिनुभयो ।

उहाँले सत्ता गठबन्धनले एमसिसीबारे निर्णय गर्न नसक्दा अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रिएको जिकीर गर्नुभयो । एमाले नेतृत्वको सरकारमा एमसिसी संसद्मा पेश गर्न खोज्दा नदिएको सुनाउँदै ओलीले भन्नुभयो, “हामीले सरकारमा रहँदा संसद्मा एमसिसी पेश गरौँ भनेका थियौँ, संसद्ले नै निर्णय गर्छ, संसद्मा हामीले छानेर पठाएका जनप्रनिधिले नै निर्णय गर्छन्, निर्णय गर्ने ठाउँमा त पुर्‍याइदिऔँ भन्दा उनीहरूले संसद्मा पुर्‍याउन दिएनन्, अहिले पनि निर्णय गर्ने ठाउँमा पुर्‍याउन सकेका छैनन् ।”

एमाले अध्यक्ष ओलीले एमालेका नेता, कार्यकर्तालाई झुक्याएर लाने गरेको बताउँदै पार्टी छाडेर गएकाहरूलाई एमालेमै फर्कनसमेत आह्वान गर्नुभयो । चुनाव पछाडि धकल्न कोशिस गरे पनि आफ्नो पार्टीले निर्वाचन जित्ने दाबी गर्दै ओलीले भन्नुभयो, “जति नै चुनाव पछाडि सार्न खोजे पनि अबको एक वर्षभित्र हुने सङ्घीय संसद्को चुनावपछि एमालेले फेरि सरकार चलाउँछ ।” कार्यक्रममा एमाले पोलिटब्यूरो सदस्य महेश बस्नेतले भक्तपुरमा विकासले फड्को मारेको दाबी गर्नुभयो ।

# ३५० संक्रमित थपिए

■ रासस

काठमाडौँ, - देशभर पछिल्लो २४ घण्टामा थप ३५० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। संक्रमणबाट थप चार जनाले ज्यान गुमाएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय सात हजार ९६ जनाको परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो । यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको सङ्ख्या नौ लाख ७५ हजार ३३० पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३८ हजार ५६४ रहेको छ। पछिल्लो समय एक हजार २७२ जना संक्रमणमुक्त भएका छन् । यससँगै भाइरस संक्रमणमुक्त हुनेको संख्या नौ लाख ५० हजार ५६ पुगेको छ। यो दर ९६ दशमलव चार प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ ।

**♦चारको मृत्यु:** हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९१७ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप चार जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । कोरोना संक्रमणबाट हुने मृत्युदर १.२ प्रतिशत रहेको छ । त्यसैगरी पछिल्लो समय सात लाख ६९ हजार ५७६ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ । हाल सक्रिय संक्रमितको सङ्ख्या १३ हजार ३५७ रहेको छ । अहिले होमआइसोलेशनमा १२ हजार ८२८ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा ५२९, आइसीयूमा १४२ र भेन्टिलेटरमा १७ जनाले उपचार गराइरहेका छन् ।

# आजको राशिफल

*मेष(चु, चे, चो, ला, लि, लु, ले, लो:* अनावश्यक खर्चको सम्भाबना रहेकोछ । कार्यसम्पादनमा सामान्य झन्झट उत्पन्न हुन सक्नाले दिन निरासा पुर्ण ब्यतित रहनेछ । स्वास्थमा सामान्य समस्या देखा पर्नेछन । हरकोहीको बिश्वासमा नपर्नु उत्तम रहनेछ । कुराकाट्ने हरुको बृद्धि हुनेछ । परोपकार को क्षेत्रमा मन जानेछ । नजिकका मित्र बाट धोका हुन सक्छ ।

*बृष(ई, ऊ, ए, ओ, वा, वी, वु, वे, वो):* आफुभन्दा सानाको साथ सहयोगमा गरीएका कार्य सहजता पुर्ण सम्पादन हुनेछन । अध्यनअध्यापनमा समय उत्तम रहनेछ । नयाँकार्य थालनिको अवसर समेत प्राप्त हुनेछ । आर्र्थीक क्षेत्र सबल रहनेछ । बौधिक ब्यक्तित्वहरुको सहयोगले कार्य सम्पादनमा बिशेष फाईदा हुनेछ । शारीरिक आलस्यले सताउन सक्छ ।

*मिथुन(का, की, कु, घ, ङ, छ, के, को, हा):*पारीवारिक साथ सहयोगमा बृद्धिहुनेछ । भौतिक श्रोत साधनको प्रयोगमा समय ब्यतित रहनेछ । कार्यक्षेत्रमा शारिरीक आलस्यताले सताउन सक्नेछ । सामाजिक कार्यमा जुट्ने समय रहेकोछ । कार्य कुसलताले मान्यजनको मन जित्न सफल रहने योग रहेको छ । मनमा सामान्य चिन्ताले सताउन सक्छ ।

*कर्कट(ही, हु, हे, हो, डा, डी, डु, डे, डो):* बल तथा प्राक्रमका बृद्धिहुने योग रहेकोछ । नयाँ मित्रजनहरु सगँको भेटघाटले मन प्रशन्न रहनेछ ।तपाई द्वारा सम्पादित कार्यको श्रेय अन्य ब्यतिह?ले प्राप्त गर्नेछन । दाजु भाई तथा इष्ट मित्र बिच सम्बन्ध सुधार रहनेछ । शारीरिक आलस्यताले सताउन सक्नेछ लगानि गर्दा बिशेष होस पुर्याउनु पर्ने समय रहेको छ ।

*सिहं (मा, मी, मु, मे, मो, टा, टी, टु, टे):* थीर क्षेत्रमा गरीएको लगानि उत्तम साबित रहनेछ । भौतिक श्रोत साधनको प्रयोगमा समय ब्यतित रहनेछ । मान्यजनहरुको साथ सहयोगमा अधुराकार्य हरु सम्पादित रहनेछन । आम्दानि मध्यम रहने समय रहेकोछ । मनोबिलासिताका सामान खरीद योग रहेको छ । स्वास्थ सम्बन्धि समस्याको कारण मनमा सामान्य चिन्ताले सताउन सक्छ ।

*कन्या (टो, पा, पी, पु, ष, ण, ठ, पे, पो) :* स्वास्थका क्षेत्रमा सामान्य सुधारको योग रहेकोछ । भोज भतेरजन्य कार्यमा सहभागीताको समय रहेकोछ । बिश्वासिला ब्यतिबाट सामान्य धोका हुन सक्नेछ । बाणीमा मधुरता छाउनाले प्रतिशपर्दि शुभचिन्तक बन्नेछन । मान्यजनको साथ सहयोग बाट बिग्रन लागेको काम बन्नेछ । ब्यापार ब्यवसाय बाट राम्रो आम्दानि हुने योग रहेको छ ।

*तुला(रा, री, रु, रे, रो, ता, ती, तु, ते):* गरीरहेको कार्यमा सामान्य ढिलाई रहेता पनि कार्य सम्पादित भने हुनेनैछ । ब्यापार ब्यवसायमा समय उत्तम रहेकोछ । पारीवारिक साथ सहयोग प्राप्त रहनेछ । अध्यन अध्यापनमा समय उत्तम रहेकोछ । मनको चन्चलताले कार्य क्षेत्रमा ब्यबधान प्राप्त हुने छ । तपाईको कार्यको फाईदा मित्रजनले प्राप्त गर्नेछन ।

*बृश्चिक (तो, ना, नी, नु, ने, नो, या, यी, यु) :* मित्रजनहरु को साथसहयोग प्राप्त रहनेछ । सन्तान शुःख प्राप्त हुनेछ । सामान्य चोटपटक सहनु पर्ला । नयाँ कामको थालनि गर्न राम्रो समय रहेको छ । बौधिक क्षमतामा बृद्धि हुनेछ । निर्णय गर्ने क्षमतामा बृद्धि हुनेछ । अरुको बिश्वास गर्नाले धोका हुन सक्छ । आम्दानि क्षेत्र सबल रहेता पनि स्बास्थमा सामान्य बाधा आईपर्ने छ ।

*धनु (ये, यो, भा, भी, भु, ध, फा, ढा, भे) :* सामाजिक कार्यमा जुट्नेसमय रहेकोछ । सभासम्मेलनजन्य कार्यमा सामान्य मानसम्मानको प्राप्ती हुनेछ । मान्यजनह?को स्वास्थमा सामान्य तनाव उत्पन्न हुन सक्नेछ । सबारी साधन तथा भौतिक साधनको प्रायोगमा साबधानि अपनाउनु होला । कामको क्षेत्रमा समान्य ढिलाई रहन सक्छ । खानपानको क्षेत्रमा सजग रहनु होला ।

*मकर (भो, जा, जी, जु, जे, जो, ख, खी, खु, खे, खो, गा, गी):* धार्मीक क्षेत्रको यात्राको सम्भाबना रहेकोछ । मित्र तथा दाजुभाईहरु सगँको सम्बन्धमा सामान्य तिक्तता उत्पन्न हुन सक्नेछ । अरुद्वारा गरीएको कार्य त?टिका कारण तपाईलाई सामान्य तनाव आईपर्न सक्नेछ । कार्य क्षेत्रमा मन लागेपनि सामान्य त्रुटि ले मानशिक चिन्ता दिलाउने छ । तपाईको कमजोरीको फाईदा अ?ले उठाउन सक्नेछन ।

*कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा) :* बिश्वासिला ब्यत्तित्वह?बाट धोकाहुनसक्नेछ । खानपानका कारण स्वास्थमा सामान्य समस्या उत्पन्न हुन सक्नेछ । बाणीका कारण आफन्त जनह? सगँको सम्बन्धमा सामान्य तनाव उत्पन्न हुन सक्नेछ । मनमा सामान्य डर पैदा हुने साथै मनमा चन्चलताले बास गर्ने छ । मान्यजनको साथ सहयोले आम्दानिका क्षेत्रमा सहयोग पुग्नेछ ।

*मीन(दी, दु, थ, झ, ञ, दे, दो, चा, ची) :* बौधिक ब्यत्तित्वहरुको साथ सहयोग प्राप्त रहनेछ । अध्यन अध्यापनमा समय उत्तमरहेकोछ । आय आर्जनका निम्ती समय राम्रो रहेकोछ । आम्दानिका बिभीन्न श्रोतहरु फेला पर्नेछन । पारीवरिक शुःख प्राप्त हुनेछ । निर्णय गर्ने क्षमतामा बृद्धि हुनेछ । मनोरञ्जनका श्रोत्र र साधनका श्रेत्रमा सामान्य खर्च बढ्न सक्नेछ ।

**तपाईँको दिन शुभ रहोस् !**

प्रकाशक : सगुन सौगात मिडिया प्रा.लि. मुद्रकः सगुन अफसेट प्रिन्टिङ्ग प्रेस, कार्यालयः क.न.पा. ५, मधुटार, सिन्धुली, फोन नं. ०४७-५२१०९५, ईमेल : ssmedia2068@gmail.com अध्यक्षः विनोद कुमार रायमाझी (९८४४०४५८६७), सम्पादकःसविर रायमाझी, सह-सम्पादकः- सगुन रायमाझी , कार्यकारी सम्पादकःसौगात रायमाझी, सम्वाददाताः विश्वज्योति थापा, कम्प्यूटर/डिजाईनः- सागर रायमाझी